# आर्थिक वर्ष २०७८/७९

# को

# बजेट बक्तव्य

## कनकासुन्दरी गाउँपालिका

## २०७८

# कनकासुन्दरी गाउँपालिका गाउँ सभाको बैठकमा

# २०७८ असार२०गते

# आईतबार

# उपाध्यक्ष उर्मिला भण्डारीले

# प्रस्तुत गर्नु भएको

# आर्थिक वर्ष २०७८/७९बजेट

कनकासुन्दरी गाउँपालिका

२०७८

**कनकासुन्दरी गाउँपालिका विराट, जुम्ला**

**श्रदेय अध्यक्ष महोदय**,

प्रमुख अतिथिज्यु, विशिष्ठ अतिथिज्यु, अतिथिज्यूहरु, वडाध्यक्षज्यू, प्रमुख प्रशासकीय अधिकृत ज्यू, कार्यपालिकाका  सदस्यज्युहरू, गाउँसभाका सदस्यज्युहरु, राष्ट्रसेवक कर्मचारीहरु संचारकर्मि पत्रकारहरु सबैमा अन्तरआत्मा देखि गाउँपालकिाको आगामी आब  को बजेट प्रस्तुत गर्न आयोजित यस सम्मानित सभामा हार्दिक स्वागत तथा नमस्कार ।

सर्ब प्रथम यस पावन अबसरमा म राष्ट्र र जनताको लागि आपनो जीवन सर्मपण गर्नु हुने ज्ञात अज्ञात बीर शहदिहरु प्रती सम्मानका साथ हार्दिक श्रदाञ्जलि अर्पण गर्न चाहन्छु शहिदहरुका सपना र अग्रजहरुको मार्गदर्शन बमोजिम नयाँ  नेपाल निर्माणमा सार्थक तुल्याउने र संबैधानिक ब्यवस्थालाइ सहि र सकारात्मक कार्यन्वयनको यात्रामा हामि सबैलाइ प्रेणा मिल्ने अपेक्षा गर्दछु ।

कनकासुन्दरी गाउँपालिकाको सातौ गाउँसभामा दोस्रो बैठक मार्फत गाउँपालिका सातौ गाउँसभाको प्रथम बैठकबाट पारित नीत तथा कार्यक्रम अनुसारको आगामी आ ब २०७८।०७९ को ऐतिहासिक पाँचौ बार्षिक बजेट प्रस्तु गर्न पाउदा मलाइ गर्ब महसुस भएको छ ।

कनकासुन्दरी गाउँपालिकाको विकासको खाका तयार गर्नका लागि नीति तथा कार्यक्रम तथा बजेटका बिभिन्न चरणहरुमा सहयोग पुऱ्याउनु हुने हाम्रो गाउँपालिकाका श्रदेय अध्यक्षज्यू, वडा अध्यक्षज्यूहरु, कार्यपालिकाका सदस्यज्यूहरु, प्रमुख प्रशासकीय अधिकृत लगायत सम्पूर्ण राष्टसेवक कर्मचारीहरु तथा गाउँपालिकाबासी दाजुभाई दिदि बहिनिहरु सबैमा हार्दिक धन्यबाद ज्ञापन गर्न चाहन्छु ।

स्थानीय तहको निर्बाचन पश्चात निर्वाचित जनप्रतिनिधिको हाम्रो टिम गाउँपालिकाका आधारभूत पूर्बाधार संरचनाहरु निर्माण गर्ने र जनताका आर्थिक, सामाजिक रुपान्तरणका लागि नियमित प्रयासरत रहेकोछ । हाम्रो गाउँपालिका भौगोलिक, प्राकृतिक, ऐतिहासिक सांस्कृतिक एबंम प्रर्यटकिय महत्वको दृष्टीले अत्यन्त प्रबल सम्भावना बोकेको पालिका भएर पनि द्रुत बिकासको लागि हाम्रा सामु केहि चुनौतिहरु बिधमान छन । बिकासको क्रममा पछाडि परेका बर्ग तथा समुदायलाई मुल प्रबाहमा ल्याउने उत्पादन क्षेत्रमा लगानी अभिवृद्धि गरी आर्थिक गतिविधिहरुको माध्यमद्धारा रोजगारी बिस्तार गर्ने कृषि क्षेत्रको ब्यवसायीकरण र आधुनिकरण गर्ने शुसासन प्रबद्धन गरी सेवा प्रबाहमा प्रभावकारिता कायम गर्ने पर्यटन

बिकासमा प्रयाप्त लाभ लिई सबै क्षेत्रसम्म पुर्‍याउने प्राकृतिक स्रोत साधन बन जंगलको संरक्षण गदै बातावरणीय सन्तुलनलाई कायम राख्दै भौतिक पूर्बाधारको बिकासमा लगानी वृद्धि गर्ने सामाजिक बिकासलाइ सस्थागत गर्दै पालिका बासिहरुमा आफ्नै ठाउमा रहि केहि गर्ने बातावरण सृजना गरी अपेक्षित बिकासको प्रतिफल हासिल गर्ने आन्तरिक आयको दायरालाई फराकिलो बनाउने र आन्तरकि व्यवस्थापनलाई शुसासान मैत्री बनाइ सस्थागत सुदृढीकरण गर्ने जस्ता जिम्मेवारी स्थानीय सरकार र हाम्रो सामू रहेका छन ।

अधिकारमा आधारित बिकासका अबधारण अनुसार स्थानीय बासिहरुलाइ विकासमा मूलप्रबाहकिरण गर्ने र गुणस्तरीय सेवा सुबिधा प्रदान गर्ने अबस्था सुनिश्चित गर्नका लागी जनताको सबैभन्दा नजिकको सरकारको रुपमा प्रतक्ष्य सरोकारका बिषयलाई सम्बोधन गर्नका लागि गाउँपालिकाबाट घोषित लक्ष्य उदेश्यका साथ जनताबाट प्राप्त भएको जिम्मेवारीका साथ इमान्दारिकता पूर्बक पुरा गर्नका लागि यस पालकिालाइ **"कृषि स्वास्थ्य, शिक्षा, पर्यटन र पूर्बाधार कनकासुन्दरी बिकासको आधार"** को दिर्घकालिन लक्ष्य तय गरि कार्यन्वयन गर्दै आइरहेको सर्न्दभको प्रस्तुत बजेट नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४  स्थानीय तहको बार्षिक योजना तथा बजेत तर्जुमा दिग्दर्शन, २०७४ संघीय सरकार, प्रदेश सरकारबाट प्राप्त मार्गदर्शनहरु दिगो बिकासका लक्ष्यहरु, क्षेत्रगत राष्टिय नीतिहरु तथा यस गाउँसभाबाट पारित नीति तथा कार्यक्रमहरु र सो सम्बद नियमावली एबंम कार्यबिधिले निर्दिष्ट गरेको योजना तर्जुमा प्रकृयाका चरणहरु अबलम्बन गरी सहभागितामूलक ढंगले  बजेट तर्जुमा गरिएको छ ।

प्रस्तुत बजेट तयार गर्ने सन्दर्भमा स्थानीय राजश्व परामर्श समिति, स्रोत अनुमान तथा बजेट सिमा निर्धारण समिति, बजेट तथा कार्यक्रम तर्जुमा समिति बिगत आब देखि गाउँपालिकाले लिएको नीति तथा कार्यक्रम र बिभिन्न माध्यमबाट गरिएको प्रतिबद्धता एबं घोषणा तथा  गाउँकार्यपालकिाका निर्णयहरु बमोजिम यस गाउँपालिकाको आगामी आब को लागि कायम हुने बजेट सिमाभित्र रही कर तथा शुल्क संकलन गर्ने छुट दिने तथा आय संकलनको प्रशासनिक ब्यवस्था गर्न आर्थिक बिधेयक, २०७८, सेवा र कार्यहरुका लागि संचित कोषबाट केही रकम खर्च गर्ने अधकिार दिन र सो रकम बिनियोजन गर्न बिनियोजन बिधेयक, २०७८ बार्षिक बिकास कार्यक्रम, २०७८ पेश गरेको छु ।

आगामी आबको लागि प्रस्तुत बजेटका सिद्धान्त तर्जुमा गर्दा मैले स्थानीय सरकारको अधिकार सूची केन्द्र सरकारका नीति तथा कार्यक्रम, प्रदेश सरकारको नीति तथा

कार्यक्रमलाई र यस गाउँपालिकाको नीति तथा कार्यक्रमलाइ ध्यान दिदै जनताको आर्थिक,सामाजकि अभिबृद्धि र तिर्ब, उच्च, फराकिलो एबं समाबेशी आर्थिक बृद्धि हुने गरि लगानी केन्द्रित गर्दै सोही अनुरुप  यस सभामा आर्थिक वर्ष २०७८।७९ को बजेट प्रस्तुत गर्न गईरहेको छु  । साथै यस अवसरमा सम्पूर्ण कनकासुन्दरी  गाउँपालिका बासी आदरणीय जनसमुदायहरूमा हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दछु ।

आदरणीय उपस्थित महानुभावहरू ! कनकासुन्दरी  गाउँपालिका ऐतिहासिक, प्राकृतिक, साँस्कृतिक तथा धार्मिक दृष्ट्रिकोणले महत्वपूर्ण रहेको क्षेत्र भएकोले विशेष पर्यटकीय केन्द्रको रूपमा विकास हुने सम्भावना छ । पवित्र धार्मिक एवं प्राकृतिक सौन्दर्यले भरिपूर्ण कनका सुन्दरी मन्दिर, विराट दरवार, पाण्डवगुफा एवं खस भाषाको उद्गम स्थल सिंजा उपत्यका, जडीबुटी, वन पैदावार, कृषि, पशुपालन, नगदेवाली लगायत थुप्रै सम्भावनाका क्षेत्रहरू छन् । यी क्षेत्रहरूको प्रभावकारी प्रयोग र दिगो विकास गरी आत्मनिर्भर अर्थतन्त्रको विकास मार्फत विकासका क्षेत्रमा अहिलेसम्म भएका सकारात्मक प्रयास, राजनैतिक दलहरूबाट भएको सहयोग, विकास साझेदारहरूको प्रयास, विभिन्न सरकारी एवं गैरसरकारी निकायहरूको सहयोग, समन्वय र सहकार्य, निजी क्षेत्रको प्रवेश, पत्रकार तथा नागरिक समाज लगायत कनकासुन्दरी बासीको विकास प्रति रहेको चासो कनकासुन्दरी  क्षेत्रको समग्र विकासको लागि अवसरका रूपमा रहेका छन् ।

तथापि यस कनकासुन्दरी गाँउपालिकाको मानव विकास सुचाङ्क सन्तोषजनक देखिदैन र प्रतिव्यक्ति आय कमजोर अवस्थामा छ । कृषि, वन, वातावरण तथा अन्य पूर्वाधार र सशक्तीकरणका कार्यक्रमहरूमा वर्षेनी ठूलो लगानी भएतापनि खाद्य असुरक्षा, गरिबी, असमानता, जातिय भेदभाव, छुवाछुत, महिला हिंसाका घटनाहरूबाट पार पाउन सकिएको छैन । निरक्षरता र क्षताले गाँजिरहेको छ । गाउँपालिकाको आन्तरिक आय अत्यन्तै न्युन हुनु, विकासको प्रतिफल लक्षित समुदायसम्म पुऱ्याउन नसक्नु, गाउँपालिकाले शून्य अवस्थाबाट काम सुरू गर्नु पर्दा धेरै कठिनाइहरू व्यहोर्नु परिरहेको छ । उल्लेखित चुनौतीहरूको बावजुद सबै सरोकरवाला निकायहरूको समन्वय र सहकार्यमा दिगो विकास गरी यसका प्रतिफल लक्षित समुदायसम्म पुऱ्याउन हामीले सामुहिक प्रयास गर्नु निरन्तर आवश्यक रहेको कुरा स्मरण गराउन चाहन्छु ।

**आदरणिय महानुभावहरु,**

अव म आगामी आर्थिक वर्ष ०७८।०७९को वजेटका उद्देश्य तथा प्राथमिकता प्रस्तुत गर्न अनुमति चाहन्छु ।

- नागरिकका जीवन यापनमा न्यूनतम आधारभूत आवश्यकताहरु सिघ्र परिपुर्ति गर्दै चरम गरिवी, विपन्नता र पछौटेपन अन्त्य गर्ने ।
- साधन श्रोत, अवसर र क्षमताको उच्चतम उपयोग गरी मानविय विकास गर्ने ।
- आर्थिक, भौतिक तथा सामाजिक पूर्वाधार विकास गरी समुन्नत अर्थतन्त्रको निर्माण गर्ने ।
- प्राकृतिक,सास्कृतिक लयायतका उपलब्ध अन्य सम्पदाहरुको अधिकतम उपयोग गरि आर्थिक वृद्धि गर्ने ।

**आर्थिक वर्ष ०७८।७९ को वजेटको प्राथमिकताहरु निम्नानुसार  प्रस्तुत गरेको छु ।**

- सवै नागरिकलाई रोजगारीको अवसर श्रृजना गर्ने क्षेत्रहरुको पहिचान गरि लगानी गर्ने ।
- विश्व महामारीको रुपमा फैलिएको कोभिड १९ को कारणले बढेको बेरोजगारी दर घटाउन विभिन्न खाले रोजगारमुलक कार्यक्रम संचालन गर्ने ।
- कृषि, जलश्रोत, पर्यटन लगायतका क्षेत्रहरुमा पूजी लगानी गरि आर्थिक तथा सामाजिक विकास गर्ने ।
- आधुनिक, भौतिक संरचनाको विकास गरी सडक, सिंचाई, विद्युत, पूर्वाधार लगायतको क्षेत्रको विकास गर्ने ।
- सार्वजनिक सेवा प्रवाहको गुणस्तर अभिवृद्धि गरि नागरिकहरुलाई यस कनकासुन्दरी गाँउपालिका प्रति अपनत्व वोध गराउने ।

➢ विश्वमा महामारीको रुपमा रहेको कोभिड १९ का कारण हुन सक्ने मानविय क्षेति कम गर्न आकस्मिक कोष,औषधि उपचार, आइसोलेसन आदिको व्यवस्था गर्दै सामुदायीक विद्यालयहरुमा अवरुद्ध रहेको पठन पाठनलाई उच्च प्राथमिकतादिने ।

**आदरणीय महानुभावहरू,**

आगामी आर्थिक वर्षको वजेट तर्जुमा गर्दा नेपालको संविधान, विनियोजन ऐन, २०७८ को सिद्धान्त र प्राथमिकता, यस कनकासुन्दरी गाउँपालिकाको नीति तथा कार्यक्रम, नेपाल सरकारको चालु आवधिक योजना, दिगो विकासका लक्ष्य र गाउँसभाका सदस्य लगायत विद्धान व्यक्तित्वहरुले दिनु भएको सुझावहरुलाई मार्ग निर्देशनको रुपमा लिएको छु । विभिन्न राजनैतिक दल, संघ संस्था, विद्धतवर्ग तथा दिदी बहिनी, दाजुभाईहरुबाट प्राप्त रचनात्मक सुझावहरुलाई समेत ध्यान दिएको छु ।

कनकासुन्दरी  गाउँपालिकालाई प्राप्त भएका सबै सम्भावना र अवसरहरूलाई सम्पत्तीको रूपमा ग्रहण गर्दै यसैको जगमा टेकेर सम्मृद्ध कनकासुन्दरी गाउँपालिका निर्माण गर्ने प्रतिबद्धताका साथ अब म कनकासुन्दरी गाउँपालिकालको चालु आ.ब.को आय व्ययको यर्थात विवरण प्रस्तुत गर्दछु ।

**आय तर्फ-:**

अब म नेपाल सरकारबाट प्राप्त सशर्त अनुदान रु. १८ करोड ९७ लाख वित्तीय समानीकरणबाट रु. ९ करोड ८३ लाख , राजश्व बाँडफाँडको रकम रु ६ करोड ४४ लाख ५८ हजार, संघीय सरकारको विशेष अनुदान २ करोड ७ लाख प्रदेश सरकारबाट प्राप्त वित्तिय समानिकरण रकम रु. १ करोड ५ लाख ४७ हजार , प्रदेश सरकारको राजश्व बाँडफाँडको रकम रु ५ लाख ५० हजार, प्रदेश सरकारको समपुरक अनुदान १ करोड ४० लाख, प्रदेश सरकार शर्शत अनुदान १ करोड ४४ लाख २० हजार र प्रदेश सरकार विषेश अनुदान ४० लाख यस गा.पाको आन्तरिक राजश्वबाट प्राप्त रकम रु .१५ लाख ९९ हजार ९७ र अधिल्लो वर्षको अल्या २ करोड रुपैया गरी जम्मा रु. ४३ करोड ८२ लाख ७४ हजार ९७ रुपैया प्राप्त हुने अनुमान गरेको छु ।

**व्यय तर्फ-:**

चालु खर्च तर्फ रु. ९ करोड ६५ लाख २ हजार ९७ रुपैया, पूजिगत खर्च १३ करोड ७६ लाख ५२ हजार र शर्शतमा २० करोड ४१ लाख २० हजारगरी जम्मा ४३ करोड ८२ लाख ७४ हजार ९७ रुपैया खर्च प्रस्ताव गरेको छु । कुल बजेटको चालु तर्फ ५८.८० प्रतिशत र

पूजिगत तर्फ ४१.२० प्रतिशत रहेको छ । नेपाल सरकारबाट प्राप्त सशर्त अनुदानको रकम विषयगत कार्यालय अनुसार विनियोजन भएकोले सोही अनुसार खर्च हुने छ ।

**अव म क्षेत्रगत कार्यक्रम तथा विनियोजन प्रस्तुत गर्न चाहान्छु ।**

सशर्त अनुदान तर्फ नेपाल सरकारबाट आएको रु १८ करोड ९७ लाखतथा प्रदेश सरकारवाट आएको रकम रु १ करोड ४४ लाख २० हजारर सोसंग प्राप्त कार्यक्रम सोही अनुसार विनियोजन गरेको छु ।

**अव म गाउँपालिका तथा वडा स्तरिय कार्यक्रमको लागि समानिकरण अनुदानको विनियोजन प्रस्तुत गर्दछु ।**

- आर्थिक विकास – ४ करोड ५८ लाख ३२ हजार
- सामाजिक विकास – २ करोड २४ लाख १५ हजार
- पूर्वाधार विकास – ३ करोड ७ लाख ५ हजार
- कार्यालय संञ्चालन तथा प्रशासनिक खर्च – ५८ लाख ९५ हजार
- संस्थागत विकास सेवा प्रवाह र शुसासन – ४० लाख

**कनकासुन्दरी गाउँपालिकाको आ.व. २०७८/७९को आय व्ययको यर्थात विवरण विभिन्न अनुसूचीमा प्रस्तुत गरिएको छ ।**

अन्तमा, यस कनकासुन्दरी गाउँपालिकाको आर्थिक, सामाजिक, सास्कृतिक लगायतका विकासमा निरन्तर सहयोग पुराउन नेपाल सरकार, प्रदेश सरकार, सवै करदाता र राष्ट्रिय र अन्तराष्ट्रिय विकास साझेदारहरु प्रति हार्दिक आभार प्रकट गर्न चाहन्छु । साथै यो बजेट तर्जुमामा मार्गनिर्देशन गर्नुहुने कनकासुन्दरी गाउँपालिकाका सम्पूर्ण पदाधिकारीहरु, प्रमुख प्रशासकिय अधिकृत श्री नैनसिंह बुढा, यस गाउँपालिका विषयगत शाखाका प्रमुखहरुतथा समग्रकर्मचारीहरु विभिन्न राजनीतिक दलका प्रतिनिधि अग्रज व्यक्तिहरुले दिनुभएका सुझावहरुलाई पनि बजेट निर्माणका चरणमा संस्मरण गरेको छु । बजेट छलफलका क्रममा आ आफ्नो तर्फबाट सहयोग पुर्‍याउने गाँउ कार्यपालिकाका सदस्य,गाँउ सभा सदस्य,समाजसेवी,वुद्धिजिवि,पत्रकार,राजनैतिक दलका प्रतिनिधि यस गाँउपालिकामा अहोरात्र

खटिएर गाँउ सभालाई सफल बनाउनु हुने कर्मचारीज्युहरु,अर्थविद मित्रहरु,सुरक्षा निकायका कर्मचारीर यस गाउँपालिकामा रहनु भएका सम्पुर्णआमा बुवा दाजुभाई तथा दिदीबहिनी हरुलाई हार्दिक धन्यवाद ज्ञापन गर्दै बजेट कार्यान्वयनमा सवै पक्षको पूर्ण सहयोग रहने अपेक्षा गरेको छु ।

**धन्यवाद !**